**कर्जा सूचना केन्द्र लिमिटेडको**
**आठौं वार्षिक साधारण सभाको**
**अभिलेख (माईन्यूट)**

**१. वैधानिक सभा :**

कर्जा सूचना केन्द्र लिमिटेड सञ्चालक समितिको २०६९ कार्तिक १४ गते बसेको ६६औ बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा केन्द्रको प्रवन्धपत्र र नियमावली बमोजिम केन्द्रको आठौं वार्षिक साधारण सभा केन्द्रको संचालक समितिका अध्यक्ष श्री सिद्धान्त राज पाण्डेज्यूको सभापतित्वमा अमृतभोग,कालिकास्थान,डिल्लीबजार काठमाण्डौंमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

**२. सभाको स्थान, मिति र समय :**

मिति : २०६९ साल पौष २० गते शुक्रवार ( ०४, जनवरी २०१३) ।
समय : दिनको ४ :०० बजे प्रारम्भ भई साँझ ५:०० सम्पन्न भयो ।
स्थान : अमृतभोग, कालिकास्थान,डिल्लीबजार, काठमाण्डौं ।

**३. सभाको सूचना :**

यस आठौं वार्षिक साधारण सभाको सूचना २०६९ साल मंसिर २७ गते र पौष ०६ गतेको कारोबार दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको तथा साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन केन्द्रका शेयरधनी महानुभावहरुको ठेगानामा प्रेषित गरिएको कुरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

**४. छलफलको बिषयहरु :**

(क) सामान्य प्रस्तावहरु

१. सञ्चालक समितिको तर्फबाट प्रेषित अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल र पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०६८/०६९ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. आ.व.२०६९/०७० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
( लेखापरीक्षण समितिबाट सि.एस.सि.एण्ड कम्पनी लाई नियुक्तिका लागि सिफारीस भएको छ )

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुजींको १० प्रतिशत नगद लाभांश बिवरण गर्न स्वीकृत गर्ने ।

(ख) विशेष प्रस्तावहरु

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २० प्रतिशत बोनस शेयर बितरण गर्न स्वीकृत गर्ने ।

२. कम्पनीको अधिकृत पुंजी, जारी पुंजी र चुक्ता पुंजी वृद्धि पर्ने ।

३. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने ।

## ५. उपस्थिति :

१.संचालक समितिका सदस्यहरु :

| | | |
|---|---|---|
| (१) | अध्यक्ष, श्री सिद्धान्त राज पाण्डे | - अध्यक्ष |
| (२) | सदस्य, श्री कमल ज्ञवाली | - संचालक |
| (३) | सदस्य, श्री अजय श्रेष्ठ | - संचालक |
| (४) | सदस्य, श्री राम बहादुर खड्का | - संचालक |
| (५) | सदस्य, श्री राजेन्द्र मान शाक्य | - संचालक |

२.शेयरधनीहरु :

(१) शेयरधनी संस्थाका प्रतिनिधिहरु स्वंयम उपस्थित : ३८ जना

(२) प्रोक्सी मार्फत उपस्थित : ० (शुन्य)

३.पदाधिकारीहरु :

| | | |
|---|---|---|
| (१) | श्री अनिल चन्द्र अधिकारी | - कार्यकारी प्रमुख |
| (२) | श्री लुम्व ध्वज महत | - बाह्य लेखापरिक्षक |
| (३) | श्री ज्ञानेन्द्र बहादुर भारी | - आन्तरीक लेखापरीक्षक |

## ६. गणपूरक संख्या :

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

| विवरण | उपस्थिति | | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| | कुल संख्या | शेयरधनी संस्थाका प्रतिनिधि | |
| शेयरधनीहरु | ६७ | ३८ जना | ५६.७२ |
| शेयर संख्या | ८६१,७२६ | ७१२,८९३ | ८२.७३ प्रतिशत |

७ **सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२), केन्द्रको नियमावलीको नियम १० अनुसार बोलाईएको यस आठौं वार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ को दफा ७३, केन्द्रको नियमावलीको नियम ११ बमोजिम कूल शेयर संख्याको पचास प्रतिशत भन्दाबढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये सात जना शेयरधनी स्वयम वा आफ्नो प्रतिनिधि उपस्थित भएमा साधारण सभाको कामकारवाही शुरु हुने भन्ने व्यवस्था भएको हुँदा यस सभामा कूल शेयर संख्याको पचास प्रतिशत भन्दाबढी र कूल शेयरधनीमध्ये ३८ जनाको उपस्थिति भएकोले कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार यस सभाको पूर्ण वैधानिकता पुगेको व्यहोरा कम्पनी सचिवबाट जानकारीमा लिइयो ।

८. **सभाको सभापतित्व र सभा सञ्चालन :**

सभाको बैधानिकताको एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र केन्द्रको नियमावलीको दफा ११ अनुसार केन्द्रको आठौं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका अध्यक्ष श्री सिद्धान्त राज पाण्डेज्यूले गर्नुभयो । सभापतिको अनुमतिले कम्पनी सचिवबाट सभाको काम कार्यवाही अगाडी बढाउनु भयो ।

९. **स्वागत मन्तव्य :**

केन्द्रका कार्यकारी प्रमुख श्री अनिल चन्द्र अधिकारीबाट सभामा भाग लिन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै आफ्नो मन्तव्य सभा समक्ष राख्नु भयो ।

१०. **बार्षिक प्रतिवेदन प्रस्तुत**

१. सभाका सभापति श्री सिद्धान्त राज पाण्डेज्यूले संचालक समितिको तर्फबाट आर्थिक बर्ष २०६८/०६९ को लागि संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

२ संचालक समितिको प्रतिवेदन प्रस्तुति पश्चात सभापति महोदयज्युले २०६८ श्रावण १ गते देखि २०६९ असाढ ३१ सम्मको वासलात,नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

११. **सभाको निर्णयहरु :**

१२ (क) **सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट पेश गरेको आ.व.२०६८/०६९ (२०६८ श्रावण १ गते देखि २०६९ आषाढ मसान्तसम्म) को वार्षिक प्रतिवेदन पारित गरियोस भनि सभाका सभापति महोदयले राख्नु भएको प्रस्ताव माथी छलफलभई सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

२. आ.व.२०६८/०६९(२०६८ श्रावण १ गते देखि २०६९ आषाढ मसान्तसम्म) को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात एवं नाफा नोक्सान हिसाव पारित गरियोस भनि सभाका सभापतिज्यूले सभामा राख्नु भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. आ.व.२०६९/०७० को लागि बाह्य लेखापरीक्षकमा CSC & C0. Chartered Accountant लाई नियुक्त गरियोस भनी सभाका सभापतिमहोदयले राख्नुभएको प्रस्ताव उपर छलफल गरि निजलाई नै Tax Audit सहित रु.९६,८०५/- ( रुपियाँ छयानब्बे हजार आठ सय पाँच मात्र मु.अ.कर समेत) पारिश्रमिक दिने गरि लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिवाट पारित गर्ने निर्णय गरियो ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०६९ आसार मसान्त सम्मको चुक्तापुजीको १० प्रतिशत नगद लाभांश वितरण गर्न स्वकिृती दिने निर्णय भयो ।

१२ (ख) **विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम २० प्रतिशत बोनश शेयर वितरण गर्ने सम्वन्धी विशेष प्रस्ताव सर्वसम्मतिवाट पारित गर्ने निर्णय गरियो ।

२. कम्पनीको अधिकृत पुंजी रु.१०,००,००,००० र जारी रु.१०,००,००,००० बाट बृद्धि गरि आधिकृत पुंजी रु.१५,००,००,००० र जारी रु.१५,००,००,००० कायम गर्ने सम्वन्धी विशेष प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय भयो ।

३. बोनस शेयर जारी पश्चात हाल कायम रहेको चुक्ता पुजी रु. ८६१७२,६००/(आठ करोड एक्सठ्ठी लाख बहत्तर हजार छ सय) बाट रु.१०३४,०८,०००/(दशमलव पछिको अंक समायोजन पश्चात) मा बृद्धि भई कम्पनीको अधिकृत पुंजी भन्दा चुक्ता पुजि बढी हुने हुँदा कम्पनीको अधिकृत पुंजी र जारी पुंजी बृद्धि गर्नु पर्ने भएकोले तीन महलेमा उल्लेख भए अनुसारको कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव सर्वसम्मतीवाट पारित भयो । साथै उपरोक्त तीन महलेमा उल्लेख भए बमोजिम प्रवन्धपत्र तथा नियमावली संसोधनमा विभिन्न नियमनकारी निकायवाट कुनै थपघट तथा ब्यहोरा परिवर्तन गर्ने निर्देशन आएमा सोही निर्देशन बमोजिम थपघट तथा ब्यहोरा परिवर्तन गर्न संचालक समितिलाई अख्तियारी दिने समेत सर्वसम्मतीबाट निर्णय भयो ।

कर्जा सूचना केन्द्र लिमिटेड
को
प्रवन्ध–पत्रमा गरिएको संशोधन तथा थप (तीन महले)

| क्र.स. | साविक व्यवस्था | हालको (संशोधित) व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १ | दफा ५ :- केन्द्रको अधिकृत पुंजीको अंक र शेयर संख्या :<br>(क) केन्द्रको अधिकृत पूँजि रु.१०,००,००,०००।- (अक्षेरुपि दश करोड रुपैयाँ) कायम हुनेछ । उक्त पूँजिलाई प्रति शेयर रु. १००।- दरका १०,००,००० थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।<br>(ख) केन्द्रको जारी पूंजी रु.१०,००,००,०००।- (अक्षेरुपि दश करोड रुपैयाँ) कायम हुनेछ | दफा ५ :- केन्द्रको अधिकृत पुंजीको अंक र शेयर संख्या :<br>(क) केन्द्रको अधिकृत पूँजि रु. १५,००,००,०००।- (अक्षेरुपि पन्ध्र करोड रुपैयाँ) कायम हुनेछ । उक्त पूँजिलाई प्रति शेयर रु.१००।- दरका १५,००,००० थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।<br>(ख) केन्द्रको जारी पूंजी रु.१५,००,००,०००।- (अक्षेरुपि पन्ध्र करोड रुपैयाँ) कायम हुनेछ । | केन्द्रको क्षमता बढाउनको लागि अधिकृत पुंजी र जारीमा बृद्धि गर्नु पर्ने भएको हुंदा |

## कर्जा सूचना केन्द्र लिमिटेड
## को
## नियमावलीमा गरिएको संशोधन तथा थप (तीन महले)

| क्र.सं. | साबिक व्यवस्था | हालको (संशोधित) व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १ | दफा ५ :- केन्द्रको अधिकृत पुंजीको अंक र शेयर संख्या :<br>(क) केन्द्रको अधिकृत पूँजि रु.१०,००,००,०००।- (अक्षेरुपि दश करोड रुपैयाँ) कायम हुनेछ । उक्त पूँजिलाई प्रति शेयर रु. १००।- दरका १०,००,००० थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।<br>(ख) केन्द्रको जारी पूँजी रु.१०,००,००,०००।- (अक्षेरुपि दश करोड रुपैयाँ) कायम हुनेछ । | दफा ५ :- केन्द्रको अधिकृत पुंजीको अंक र शेयर संख्या :<br>क) केन्द्रको अधिकृत पूँजि रु. १५,००,००,०००।- (अक्षेरुपि पन्ध्र करोड रुपैयाँ) कायम हुनेछ । उक्त पूँजिलाई प्रति शेयर रु. १००।- दरका १५,००,००० थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।<br>(ख) केन्द्रको जारी पूँजी रु.१५,००,००,०००।- (अक्षेरुपि पन्ध्र करोड रुपैयाँ) कायम हुनेछ । | केन्दको क्षमता बढाउनको लागि अधिकृत पुंजी र जारीमा बृद्धि गर्नु पर्ने भएको हुंदा |

१४. सभा विसर्जन :

अन्तमा सभाका सभापति श्री सिद्धान्त राज पाण्डेज्यूले छलफल गर्नुपर्ने विषय बाँकी नभएकोले उपस्थित सम्पुर्ण शेयरधनी, केन्द्रका कर्मचारीहरु एंव हल उपलब्ध गराउने अमृतभोग प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आठौ वार्षिक सधारण सभा साँझ ५.०० बजे विसर्जन भएको घोषणा गर्नु भयो ।

श्री अनिल चन्द्र अधिकारी
(कार्यकारी प्रमुख/कम्पनी सचिव)

श्री सिद्धान्त राज पाण्डे
(अध्यक्ष)